जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९
पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०७४ साउन २० गते

## भरतपुर महानगरपालिका-१९, स्थानीय तहको निर्वाचन २०७४
## प्रारम्भिक पर्यवेक्षण प्रतिवेदन

भरतपुर महानगरपालिका-१९ मा आज सम्पन्न स्थानीय तहको निर्वाचनमा इन्सेकले पर्यवेक्षण गरेको छ । यस निर्वाचनमा ७५ प्रतिशतभन्दा बढी मतदान भएको प्रारम्भिक सूचना छ । मतदानमा सहभागी मतदाता तथा राजनीतिक दललगायत निर्वाचन प्रक्रियामा संलग्न सबैलाई धन्यवाद ज्ञापन गर्दछौं ।

२०७४ वैशाख ३१ गते नै सम्पन्न निर्वाचनको मतगणनाका क्रममा २०७४ जेठ १४ गते राति नेकपा माओवादी केन्द्रका कार्यकर्ताले ९० थान मतपत्र च्यातेका थिए । निर्वाचन आयोगले जेठ २० गते सो वडामा पुनः मतदान गर्ने निर्णय गरेकोमा निर्वाचन आयोगको निर्णयविरुद्ध अर्थात पुनः मतदान होइन, पुनः मतगणनाको माग गर्दै भरतपुर-१९ का वडा सदस्य पदका उम्मेदवार गुञ्जमान विक र सोही वडाका मतदाता अधिवक्ता तुलसीराम पाण्डेले जेठ २१ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए ।

झण्डै दुई महिनाको बहसपछि साउन १५ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय ओमप्रकाश मिश्र र पुरुषोत्तम भण्डारीको इजलासले मतपत्र च्यातिएको वडामा पुनः मतदान गर्ने निर्वाचन आयोगको निर्णयलाई सदर गरेको थियो । अदालतको फैसलापछि सो वडाको निर्वाचन साउन २० गते गर्ने निर्णय राजनीतिक दलहरूको सहभागितामा जिल्ला निर्वाचन कार्यालयले गरेको थियो ।

### आजको निर्वाचनमा जे देखियो

- मौसम अनुकूल मतदान केन्द्रको व्यवस्था नगरिँदा मतदानमा अवरोध हुनुका साथै मतदाताले सास्ती भोग्नु परेको थियो । वर्षात्का कारण तीनवटै मतदानस्थलमा केही समय ढिला गरी मतदान प्रारम्भ भएको पाइयो ।
- निर्वाचन आचारसंहिता विपरीत अरु नै प्रयोजनका लागि सवारी पास लिएका गाडीलाई मतदाता ओसार्न प्रयोग गरेको पाइयो । सवारी पास किर्ते बनाएको समेत पाइयो ।
- एउटा मात्रै वडामा निर्वाचन भए पनि अत्यधिक सुरक्षाकर्मी परिचालन गरिएका कारण मतदातामा केही संशय र त्रास उत्पन्न भएको पाइयो ।

### निष्कर्ष

समग्रमा आज सम्पन्न निर्वाचन शान्तिपूर्ण भए पनि निर्वाचन आचारसंहिता विपरीत मतदाता प्रभावित पार्न सवारी पास दुरुपयोग गरेको पाइयो । मौन अवधिमा राजनीतिक दलका कार्यकर्ताहरू बढी सक्रिय हुनु र त्यसबारे निर्वाचन अधिकारीहरूले अनभिज्ञता प्रकट गर्नुलाई निश्चय पनि राम्रो विषय मान्न सकिन्न ।

निर्वाचन आचारसंहिताको परिपालनामा देखिएको कमी कमजोरी सच्याउन तथा उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउन सकिए निर्वाचनको महत्व अझ बढ्ने देखिन्छ । निर्वाचन आचारसंहिता परिपालनामा बेवास्ता गर्ने वा आचारसंहिता उल्लङ्घन गर्ने जोसुकै हुन् उनीहरूलाई कारबाहीको दायरामा ल्याउन सकिएन भने आगामी निर्वाचनसमेत शान्तिपूर्ण हुन सक्दैन । प्रत्येक नागरिकको मतको सम्मान गर्न पनि भयरहित वातावरण, आचारसंहिताको पालना र शान्ति सुरक्षाजस्ता गम्भीर विषयमा सरोकारवाला बेलैमा चनाखो हुनु जरुरी छ ।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org